चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ चापाकोट २०७५ आषाढ २० गते संख्या : ९

## भाग १

## स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७५

चापाकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ चापाकोट २०७५ आषाढ २० गते संख्या : ९

## भाग १

## स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७५

स्वीकृत मिति : २०७५/०३/२०

**प्रस्तावना :** स्थानीय वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा नगरपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को ब्यवस्था पनमा स्पष्ट कानूनी ब्यवस्था गरि कार्य सम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१ र २२६ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम चापाकोट नगर सभाले यो ऐन तर्जुमा गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ :** (क) यस ऐनलाई चापाकोट नगरपालिकाको "स्थानीय स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७५" भनिने छ ।

(ख) नगर सभाबाट स्वकिृत भई स्थानीय राजपत्रमा प्रकाशित भए

पश्चात लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “**ऐन**” भन्नाले चापाकोट नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ लाई सम्झनु पर्छ ।

(ख) “**संघीय ऐन**” भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

(ग) “**प्रदेश ऐन**” भन्नाले स्वास्थ्य सम्बन्धी प्रदेश सभाले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

(घ) “**कार्यपालिका**” भन्नाले चापाकोट नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) **नगर सभा**” भन्नाले चापाकोट नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(च) “**प्रमुख प्रशासकीय अधिकृत**” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) “**स्वास्थ्य शाखा**” भन्नाले नगरपालिकामा रहेको स्वास्थ्य तथा सरसफाइ हेर्ने विभाग वा शाखालाई सम्झनु पर्दछ ।

(ज) “**सरकारी वा सामुदायिक**” भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(झ) “**निजी**” भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ ।

(ञ) “**ट्रष्ट वा लोककल्याणकारी**” भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ट) “**व्यवस्थापन समिति**” भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ठ) “**सदस्य**” भन्नाले यस ऐनले व्यवस्था गरे अन्तर्गत बन्ने बिभिन्न समितिमा रहने पदाधिकारीहरु सम्झनु पर्दछ ।

(ड) “अनुगमन समिति” भन्नाले दफा ५ अनुसार नगरपालिकामा गठिन स्वास्थ्य सेवा तथा सरसफाइ, व्यवस्थापन,अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(ढ) “**स्वास्थ्य संस्था**” भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायीक स्वास्थ्य इकाइलाई सम्झनु पर्दछ ।

(ण) “**महिला स्वास्थ्य स्यंम सेविका**” भन्नाले स्वास्थ्य संस्था अन्तर्गत रहि स्वयं सेवकको रुपमा स्वास्थ्य सम्बन्धि क्षेत्रमा कामकाज गर्ने सम्झनु पर्दछ ।

(त) “**पुरुष अभियान कर्ता**” भन्नाले स्वास्थ्य संस्था अन्तर्गत रहि स्वयं सेवकको रुपमा स्वास्थ्य सम्बन्धि क्षेत्रमा कामकाज गर्ने सम्झनु पर्दछ ।

(थ) “**प्रचलित कानून**” भन्नाले नेपाल सरकारको राजपत्रमा प्रकाशित भई हाल कार्यान्वयनमा रहेका कानूनहरु साथै संघिय सरकार तथा प्रदेश सरकारले राजपत्रमा प्रकाशित गरेका कानूनहरु लाई सम्झनु प्रर्दछ ।

(द) “**तोकिए वा तोकिए बमोजिम**” भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम संम्झनु पर्दछ ।

(ध) “**अनुमती**” भन्नाले दफा ९ को व्यवस्थालाई सम्झनु पर्दछ ।

(न) “**फार्मेसी**” सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने निजि फार्मेसीलाई सम्झनु पर्दछ ।

(प) “**सहुलियत र छुट**” भन्नाले दफा १५ मा उल्लेखित व्यवस्थालाई सम्झनु पर्दछ ।

(फ) “**करार सम्झैता**” भन्नाले यस ऐनको दफा २२ को करार सम्झौता व्यवस्थालाई सम्झनु पर्दछ ।

(ब) “**खरीदि तथा भण्डारण**” भन्नाले यस ऐनको दफा २४ र दफा २६ को औषधी तथा स्वास्थ्य उपकरण सम्बन्धी व्यवस्थालाई सम्झनु

पर्दछ ।

(भ) “**महामारी**” भन्नाले यस ऐनको दफा ३१ को उल्लेखित कुराहरुलाई सम्झनु पर्दछ ।

(म) “**मापदण्ड**” भन्नाले यस ऐनमा उल्लेखित मापदण्डहरुलाई सम्झनु पर्दछ ।

(य) “**सजाय**” भन्नाले यस ऐनको दफा १४ र २३ को व्यवस्थालाई सम्झनु पर्दछ ।

(र) “**अभ्यासकर्ता**” भन्नाले यस ऐनको दफा १७ को उपदफा ३ मा उल्लेखित कुराहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद : २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु** : स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन :

(क) सरकारी वा सामुदायिक : सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायीक स्वास्थ्य इकाइ, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, आयूर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजी : निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थ : ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

**४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्डः**
स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय र प्रदेश सरकारले निर्धारण गरे वमोजिम हुने छ ।

**५. स्वास्थ्य सेवा तथा सरसफाई , व्यवस्थापन, अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार :**

(१) स्थानीय नगरपालिका भित्र रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुने छ ।

(क) नगरपालिका प्रमुख वा निजले तोकेको नगर कार्यपालिकाको सदस्य- अध्यक्ष

(ख) स्वास्थ्य संस्था हेर्ने कार्यपालिका सदस्य - सदस्य

(ग) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(घ) आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ङ) स्वास्थ्य संस्था ब्यवस्थापन समितिका अध्यक्ष मध्ये कार्यपालिकाले तोकेका १ जना - सदस्य

(च) नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमध्ये नगरपालिका प्रमुखले मनोनयन गरेको व्यक्ति एकजना पुरुष सहित २ जना महिला - सदस्य

(छ) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख -सदस्य सचिव

(२) मनोनित सदस्यको कार्यकाल २ बर्षको हुनेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई, ब्यवस्थापन, अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने ।

(ख) नगरपालिका क्षेत्र भित्र स्वास्थ्य सेवा प्रदायक संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य सेवा प्रदायक संस्था व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) नगरकार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

(ञ) स्वास्थ्य संस्थाबाट निस्कने फोहोर बस्तुहरुको ब्यवस्थापन गर्न लगाउने र अनुगमन गर्ने ।

६. **स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार**

(१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकी, सामुदायीक स्वास्थ्य इकाइ (स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति) ब्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै ब्यवस्थापन समिति गठन गरिने छ ।

(क) नगरपालिका प्रमुख - संरक्षक

(ख) सम्वन्धित वडाको वडाध्यक्ष - अध्यक्ष

(ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरुमध्ये बाट एकजना - उपाध्यक्ष

(घ) संरक्षक वाट मनोनित स्वास्थ्य क्षेत्रमा क्रियाशिल महिला स्वास्थ्य स्वयं सेविकाहरु मध्येबाट १ जना - सदस्य

(ङ) स्वास्थ्य संस्था नजिकको माध्यमिक विद्यालयको प्रधानाध्यापक - सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव - सदस्य

(छ) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

(२) स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिका काम कर्तब्य निम्नानुसार हुनेछन् :

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(छ) सम्बन्धित स्वास्थ्य संस्थावाट प्रदान गरिनुपर्ने सेवाहरु नियमित सुचारु गर्न आवश्यक सहजिकरण गर्ने र समस्या

समाधानका लागि पहल गर्ने ।

७. **बैंक खाता संचालन हरेक स्वास्थ्य संस्थाको वैंक खाता खोल्न हुनेछ ।**

(१) स्वास्थ्य संस्थाको वैंक खाता ब्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद : ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

८. **अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड :**

(१) **अस्पताल** : नगरपालिका आफैले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न नगरपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

(२) **प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य इकाइ :** नगरपालिकाले प्रत्येक वडा वा जनसंख्याको अनुपातमा आवश्यक रहेमा बर्थिङ्ग सेन्टर सहित कम्तिमा देहायका पूर्वाधार पुरा गरी प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, संचालन गर्नुपर्नेछ र आवश्यक रहेमा आधारभुत स्वास्थ्य इकाइ संचालन गर्न सक्नेछ।

**(क) जनशक्ति :**

(१) स्वास्थ्य चौकीमा : स्वास्थ्य सहायक (हेल्थ असिस्टेण्ट) १ जना, अहेव २ जना, अनमी २ जना, कार्यालय सहयोगी १ जना,आवश्यकता अनुसार अन्य कर्मचारीहरु ।

(२) प्राथमिक स्वास्थ्य केन्द्र : मेडिकल अधिकृत १ जना, स्वास्थ्य सहायक - हेल्थ असिस्टेन्ण्ट) १

जना, अ.हे.व २ जना, स्टाफ नर्स १, अ.न.मी. ३, ल्याव असिस्टेण्ट १, कार्यालय सहयोगी २, आवश्यकता अनुसार अन्य कर्मचारीहरु ।

(३) आधारभुत स्वास्थ्य इकाइ : हे.अ./अ.हे.व. १ जना, अ.न.मी. १ जना, आवश्यकता अनुसार अन्य कर्मचारीहरु ।

(४) बर्थिङ्ग सेन्टर स्थापना गरिएको स्वास्थ्य संस्थामा २४ सै घण्टा सेवा प्रदान गर्न थप १ जना नर्सिङ कर्मचारीको ब्यवस्थापन गरीनेछ । प्रत्येक स्वास्थ्य संस्थामा क्रमश ल्याव सेवा संचालन गरिने छ । ल्याव जनशक्तिको दरवन्दी नभएका स्वास्थ्य संस्थाहरुमा करार सेवा वा ज्यालादारीमा कर्मचारी ब्यवस्थापन गरिनेछ ।

(५) नगरपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममुलक र वैकल्पीक चिकित्सा सेवा को प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँको साझेदारीमा वा गाउँपालिका आफैंले आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(ख) भवन कोठा : प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन ।

(ग) उपकरण : प्राथमिक उपचारका आधारभूत उपकरण ।

९. **निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने ।**

(१) नगरपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको संचालन अनुमती नगरपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न नगर कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा नगर कार्यपालिकाले ३ महिना भित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सकिनेछ ।

(७) आशयपत्रमा उल्लेख गरिएको समयसिमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान नगर्न सकिनेछ ।

१०. **अस्पताल संचालन गर्न आवश्यक मापदण्ड** : नगरपालिकाको स्वीकृतीमा संचालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्ति : एक जना विशेषज्ञ सहित २ जना एमविविएस डाक्टर, कम्तिमा ५ जना स्टाफ नर्स, ४ जना हे.अ. १ जना अ.हे.ब. ३ जना अ.न.मी., कम्तिमा २ जना ल्याव टेक्निसियन/ल्याव असिस्टेन्ट, १ जना रेडियो ग्राफर र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मी

(२) भवन तथा कोठाः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने वार्ड, क्याविन, नर्सिङ कक्ष,

प्रशासन कक्ष, पार्किङ,

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्शिजनको व्यवस्था, चिकित्साजन्य फोहर ब्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

११. **पोलिक्लिनिक संचालनको अनुमती** :

(१) नगरपालिका भित्र कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

(२) स्वास्थ्य सेवा प्रदायक संस्था नगरपालिकाले अधिग्रहण गर्न सक्नेः नगरपालकिा भित्र मापदण्ड पुऱ्याएर सञ्चालनमा रहेका सामुदायिक, निजिद्वारा सञ्चालति स्वास्थ्य संस्था आवश्यक भएमा नगरपालिका र सम्बन्धित संस्था दुवै पक्षको सहमतिमा निर्धारित शर्तहरुको अधीनमा रहने गरी नगरपालिकाले अधिग्ररण गरी आफैले सञ्चालन गर्न सक्नेछ ।

१२. **प्रयोगशाला वा ल्याबोरेटोरी संचालन** : व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित नगरपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्ने स्थान, जग्गा धनी प्रमाणपत्र, घरधनी र संचालकबीचको घरभाडा सम्बन्धी संझौता पत्र

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको प्रतिवद्धता पत्र

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

(६) प्रस्तावित लागत

(७) सेवा सुल्कको विवरण

(८) प्रयोगशाला संचालन सम्बन्धी अन्य मापदन्ड तोकिए बमोजिम हुनेछ ।

**१३. फार्मेसी संचालनको अनुमती :**

(१) नगरपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा नगरपालिकाबाट अनुमती लिनु पर्नेछ ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्त ब्यक्ति सञ्चालक रहने गरी फार्मेशी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ ।

(५) फार्मेसी सञ्चालन सम्बन्धी अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**१४. मापदण्ड पुरा नगरेमा सजाय हुने :**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा नगरपालिकाको स्वास्थ्य तथा सरसफाइ, ब्यवस्थापन, अनुगमन समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका ब्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको

पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिइने ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने ।

१५. **सहुलियत र छुटको ब्यवस्था गर्नुपर्ने** : निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क नगरपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

१६. नगरपालिका भित्र संञ्चालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरुले दिइने सेवाहरुको अधिकतम शुल्क नगरपालिकाले निर्धारण गर्न सक्ने छ ।

## परिच्छेद : ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयम सेवा सम्बन्धी व्यवस्था

१७. **स्वास्थ्यकर्मीको व्यवस्थापन** : नगरपालिका भित्रका सरकारी र सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(१) स्थायी : नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु ।

(२) करारः स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु ।

(३) अभ्यासकर्ताः स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि

भर्ना गर्न सकिने छ ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका

१८. **अभियानकर्ता/स्वास्थ्य स्वयंसेविकाको ब्यबस्था** : स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउने स्वास्थ्य आमा समुहको सिफारिसमा पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछ ।

(१) महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियूक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम एस.ई.ई. वा सो सरह अध्ययन गरेको सम्वन्धित टोलमा नियमित वसोवास गर्ने त्यस वडाको विवाहित नागरिक हुनुपर्ने छ ।

(२) एउटा वडामा अधिकतम संख्या ९ हुने गरी औसत प्रति ५०० जनसंख्याको लागि १ जना महिला स्वयंसेविका र औषत ८०० जनसंख्याको लागी १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले नगरपालिका समक्ष गर्न सक्ने छ ।

(३) प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी १८ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । नगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेवीकाहरु मध्ये ६० बर्ष उमेर पुगेकालाई सम्मानजनक बिदाइ गरिने छ र नयाँ नियुक्त गर्दा कम्तिमा एस.ई.इ. वा सो सरह उतिर्णलाई मात्र नियुक्ति दिइने छ ।

(५) महिला स्वास्थ्य स्वयंसेविका र पुरुष अभियानकर्ताको कार्यसम्पादन सन्तोषजनक भए नभएको मुल्याङ्कन गर्ने जिम्वेवारी सम्बन्धित वाडको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको हुनेछ । कार्यसम्पादन सन्तोषजनक नभएमा सम्बन्धित स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिको सिफारिसमा

नगरपालिकाले निजलाई हटाई रिक्त स्थानमा नयाँ स्वयंसेविका, अभियानकर्ता नियुक्त गर्न सक्नेछ ।

(६) नेपाल सरकार र नेपाल सरकारको मान्यता प्राप्त संघ, संस्थान, समिति, वोर्ड, आयोग लगायत सोही प्रकृतिका अन्य निकायमा कार्यरत कर्मचारी पुरुष स्वास्थ्य अभियानकर्ता वा महिला स्वास्थ्य स्वयंसेविका भई कामकाज गर्नको लागि उमेद्वार हुन पाउने छैनन ।

(७) यस ऐन लागुहुन अघि नेपाल सरकार र नेपाल सरकारको मान्यता प्राप्त संघ, संस्थान,वोर्ड, समिति, आयोग लगायत सोही प्रकृतिका अन्य निकायमा कार्यरत कर्मचारी महिला स्वास्थ्य स्वयं सेवक भई कामकाज गरेमा त्यस्तो दोहोरो सेवा लिने महिला स्वास्थ्य स्वयं सेविका हटाई नयाँ नियुक्ति गरिने छ ।

१९. **स्वास्थ्यकर्मीको सेवा सुविधा :**

(१) स्थायी स्वास्थ्यकर्मी : नेपाल सररकारले तोकेको स्केल वमोजिम तलव र स्थानीय नगर कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा ।

(२) करार स्वास्थ्यकर्मी : प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकमसम्म उपलब्ध गराउन सकिने छ ।

(४) अभियानकर्ता /स्वयंसेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

(५) स्वास्थ्यकर्मी तथा स्वयम– सेविकालाई थप प्रोत्साहन भत्ता नगरपालिकाले व्यवस्था गर्न सक्नेछ ।

(६) स्वास्थ्य प्राबिधिक कर्मचारीहरुलाई जोखिम भता, लगायत जोखिम युक्त कार्यका लागि तोकिय बमोजिम भताको व्यवस्था गर्न सकिने छ ।

२०. **स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्ति** : सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी नगर कार्यपालिकाले निर्धारण गर्न सक्नेछ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजनमा नआएका कर्मचारीहरुको हकमा नगरपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्ने छ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत- संयोजक

(ख) नगर कार्यपालिकाले तोकेको कम्तीमा स्नातक उतिर्ण १ जना – सदस्य

(ग) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

(३) छनोट समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२१. **कर्मचारी सरुवा, काज र विदा** :

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम २ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुन सक्ने छ । विशेष परिस्थिती बाहेक न्यूनतम १ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम २ वर्ष एकै स्वास्थ्य संस्थामा

कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा नगरपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा नगरपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाको सिफारिसमा आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा नगरपालिकाले सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

(४) उपदफा १ र २ मा जुन सुकै कुरा लेखिएको भएता पनि नगरपालिकाले स्वास्थ्य शाखाको सिफारिसमा स्वास्थ्यकर्मीहरु (स्थायी, करार, ज्यालादारी आदी) लाई आवश्यकता अनुसार नगरपालिका क्षेत्र भित्रका दफा ३ (क) बमोजिमका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुमा कामकाज गर्ने गरी खटाउन सक्नेछ ।

(५) कर्मचारीहरुले विदा वस्नु परेमा स्वीकृत गराएर मात्र विदा वस्नु पर्ने छ । कर्मचारीहरुको विदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमो जिम हुनेछ ।

२२. **कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने** : स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) नगरपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने शाखा प्रमुखसँग, उक्त शाखा प्रमुखले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश

गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य तथा सरसफाई, ब्यवस्थापन, अनुगमन समितिले तयार पारी नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२३. **कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार :**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गरिने छ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद : ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२४. **वार्षिक खरिद योजना बनाउनु पर्ने :**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

२५. **औषधी तथा स्वास्थ्य उपकरण खरिद**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि वढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानूनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

२६. **औषधी तथा स्वाथ्य उपकरणको भण्डारण :**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ।

(३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिले १५ दिनभित्र सार्वजनिक गर्नुपर्ने छ ।

(४) सम्बन्धित सामुदायकि स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत नगरपालिकामा बुझाउनु पर्नेछ ।

## परिच्छेद ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

२७. **स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने :**

(१) नगरपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ। स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिने छ ।

२८. **सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन :**

(१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण

गरि संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

(३) नेपाल सरकारले तय गरेको निशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई प्रभावकारी बनाईने छ आवश्यक स्रोत साधनको आधारमा निशुल्क वितरण गर्ने औषधी थप गरीनेछ ।

२९. **सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन :**

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु,जल,स्थल,तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक ब्यवस्था मिलाउने छ ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा ब्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्ने छ ।

(३) सिफारिस वमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद ७

## महामारी रोगथाम, फोहोरमैला व्यवस्थाप सम्बन्धी व्यवस्था

३०. **रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने :**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

३१. **महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने** :

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

(३) नगरपालिका स्तर र वडा स्तरमा महामारी नियन्त्रणको लागी Rapid Response Team गठन गर्नुपर्ने छ ।

३२. **सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन** :

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइने छ

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाही गर्न सक्नेछ ।

३३. **सरसफाइ सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन** :

(१) नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले ब्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन

गराउनु पर्ने छ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरि सवै घरपरिवारसम्म वितरण गर्ने छन् ।

(३) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य ब्यवस्था भएको हुनुपर्ने छ ।

(४) एक परिवारको सौचालय, ढल र फोहरमैला ब्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्‍याउने परिवारले तिर्नुपर्ने छ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुन प्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा नगर कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ ।

(६) सरसफाइ सम्बन्धी कार्यक्रम तथा फोहोर मैला ब्यवस्थापन सम्बन्धी अन्य कार्यविधि तथा निति तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद ८
## विविध

**३४. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस**

(१) संघ र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द स्थापनाका लागि सम्वन्धित वडा र नगरपालिकाबाट सिफरिश लिनुपर्ने छ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको

न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि नगरपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

३५. **संघ तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने** : स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ ।

३६. आमा समूह, धामी झाक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ ।

३७. नगरपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा नगरपालिका स्वास्थ्य तथा सरसफाइ शाखा समक्ष बुझाउनु पर्नेछ ।

३८. नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

३९. **पुनरावेदन** : तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

४०. **नियम बनाउने अधिकार** :

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

४१. **संक्रमणकालीन व्यवस्था** : यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगर कार्यपालिकाले गर्न सक्नेछ।

४२. **बाधा अडकाउ फुकाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश नगर कार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

४३. **बचाउ र लागू नहुने** :

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछ ।

४४. **यसै ऐन बमोजिम भएको मानिने** : संघियता लागु भईसकेपछि यस ऐन सँग सम्बन्धीत कामकारवाहिहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

२०७७ चैत्र ०५ गते

**आज्ञाले**

**ध्रुव खनाल**

**प्रमुख प्रशासकीय अधिकृत**